बैठक संख्याः १०/२०८२/०८३

मितिः २०८२/११/११

समयः विहान १०:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| | | उपेन्द्र यादव | स्वास्थ्य अधिकृत | भूमे गा.पा. |
| | | प्रेम प्रसाद भट्टराई | प्राविधिक अधिकृत | " |
| | | चेतन बुढा मगर | स-प्राविधिक अधिकृत | " |

भूमे गाउँपालिका रुकुम (पूर्व)

बैठक सं. १०/०८२-८३ मिति २०८२।११।१९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैंठक संख्या ९ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णयहरु निर्णय कार्यान्वयन भएकोमा खुशी व्यक्त गर्दै र आगामी निर्णयहरु समेत शिघ्र रुपमा गर्नुपर्ने निश्कर्ष निकालियो ।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

निर्णय नं. ३:

महालेखा परिक्षकको कार्यालयबाट जारी लेखा परिक्षण प्रतिवेदनमा उल्लेखित भूमे गाउँपालिकाको हालसम्मको बेरुजुका सम्बन्धमा विस्तृत रुपमा लेखा समितिमा छलफल गरी पेश भएको प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा उल्लेख गरिएको हालसम्मको अनियमित, सैद्धान्तिक बेरुजु सम्परिक्षण तथा फछ्यौंटका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

भूमे गाउँपालिकाको शिक्षा नियमावली २०७४ को परिच्छेद ४ को दफा २४ (क) मा गाउँ शिक्षा समितिको संरचना तथा कार्य सञ्चालन विधि र दफा २४ (ख) मा वडा शिक्षा समितिको संरचना तथा कार्य सञ्चालन विधि तथा सोही नियमावली परिच्छेद ४ को दफा २५ (क) मा गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार र २४(ख) मा वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार थप गरी नियमावली संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

भूमे गाउँपालिकाको बढ्दो कार्यक्षेत्र र आवश्यक जनशक्तिको विश्लेषण गरी तयार पारिएको भुमे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ माथि दफावार छलफल गरी आवश्यक सुझावसहित स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

भूमे गाउँपालिकाको आ.व. २०८२।२०८३ को स्वीकृत बार्षिक बजेट कार्यक्रममा विनियोजित बजेट भन्दा बढी लागत अनुमान तयार गरी आव्हान गरिएको ठेक्कलाई बहुबर्षिको ठेक्काको रुपमा स्वीकृत गरि तपसिल बमोजिमको आयोजनाहरु सञ्चालनको लागि

प्रमाणित गर्दछु।

स्वीकृत बजेटभन्दा बढीको व्ययभार दायित्व बहन गर्नेगरी भूमे गाउँपालिको मिति २०८२।११।०५ को सूचनालाई सर्वसम्मतीमा अनुमोदन गर्ने निर्णय गरियो ।

तपिसल :

| क्र. स. | आयोजनाको नाम | ठेक्का न. | आयोजना संचालन हुने स्थान | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | Construction Of Ward No 05 Office Building, Ward No 05-Serabang, Bhume Rural Municipality, Rukum (East) | BRM-RUKUM( EAST)/W/NCB/06/2082 | भूमे गाउँपालिका वडा नं. ५ | **1,99,85,434.07** | |
| २ | Construction Of Lukum School Hostel Building, Ward No 01-Lukum, BhumeRural Municipality, Rukum (East) | BRM-RUKUM( EAST )/W/NCB/07/2082-083 | भूमे गाउँपालिका वडा नं. १ | 55,61,855.63 | |

## निर्णय नं. ७:

भूमे गाउँपालिका ३ र ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनमाथि छलफल गरियो।

## निर्णय नं. ८:

भूमे गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुको पदावधि प्र. अ. नियुक्ती मितिले ५ वर्ष पुरा भएको भएमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट पुनः पदावधिको म्याद थपको निर्णय गरी सो को जनाकारी यस गाउँपालिका कार्यालयमा पठाउने गरी पत्राचार गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९:

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत रहेको बजेट कार्यान्वयन गर्न तपसिलका कियाकलापहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | क्षेत्रगत सूचक/कार्यक्रमहरु | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|
| शासकीय प्रबन्ध | | | |
| १ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा अभिमुखीकरण कार्यक्रम | १,००,०००/- | |
| २ | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको गठन तथा अभिमुखीकरण तथा बालपोषण भत्ता लाभग्रहीको अभिबावकलाई अभिमुखिकरण कार्यक्रम | १,६२,०००/- | |
| ३ | पोषण प्रोफाइल निर्माण कार्यक्रम | २,००,०००/- | |
| स्वास्थ्य सेवा | | | |
| १ | ५ वर्ष मुनिका बालबालिकाहरुको मास ग्रोथ मनिटरिङ (वृद्धि अनुगमन, आठ पटक गर्भ जाँच गर्ने गर्भवती महिलाहरु,संस्थागत सुत्केरी शत प्रतिशत पुर्याउने गर्भवती महिलाहरु, बाल भिटा खुवाउने परिवारलाई (बच्चा/महिला) प्रोत्साहनको लागि भूमे गाउँपालिकामा रहेको ४६ टाल स्तरीय आमासमुह सहित महिलाहरुलाई अभिमुखिकरण कार्यक्रम | ४,६०,०००/- | |
| पशुपंक्षी विकास/ कृषि सेवा केन्द्र | | | |
| १ | पोषण उन्मुख वडा घोषणाको लागि नमुना बस्तीमा नमुना आयआर्जन कार्यक्रम निरन्तरता | ३,००,००० | |
| महिला बालबालिका | | | |
| १ | पोषण सम्बन्धी अनुशिक्षण सासु बुहारी अन्तरक्रिया कार्यक्रम (९ वटै वडामा ) | १,८०,०००/- | |
| २ | २० वर्ष मुनिका बालविवाह न्यूनिकरण सम्बन्धी सडक नाटक कार्यक्रम | १,५०,०००/- | |
| 2 | २० वर्ष मुनिका बालविवाह न्यूनिकरण सम्बन्धी रेडियो नाटक कार्यक्रम | १,००,००० | |
| शिक्षा | | | |
| २ | बाल विकास सहजकर्ता अभिमुखीकरण कार्यक्रम | १,२३,००० | |
| ३ | वडा कार्यालय, स्वास्थ्य संस्था तथा बिध्यालयमा पोषण कर्नर स्थापना | ९,००,००० | |

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर: [signature]
मिति : २०८२।११।१०
पद : प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक नं. १०/०८२-८३ मिति २०८२/११/१९ को कार्यपालिका बैठकको प्रस्तावं तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

## निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|---|
| | | | कुनै मत फरक नपरेको। | |

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर:
मिति: २०८२/११/१९
पद: